# बेदकोट नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

**प्रमाणीकरण मिति :** २०७४/...

**स्थानीय राजपत्रमा प्रकाशित मिति :** २०७४/....

**प्रस्तावना:** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बेदकोट नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम, विस्तार र प्रारम्भ :** (१) यो ऐनको नाम बेदकोट नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ रहेको छ ।

(२) यो ऐन बेदकोटन गरपालिका क्षेत्र भित्र तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा :** (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले बेदकोट नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले बेदकोटनगर कार्यपालिका सम्झनुपर्छ ।

(ग) "नगरपालिका" भन्नाले बेदकोट नगरपालिका सम्झनुपर्छ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको नगर सभा सम्झनुपर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ ।

**३. नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्र भित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनुपर्ने कार्यविधि नियमित गर्नको निमित्त बेदकोट नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनुपर्नेछ ।

४.**<u>निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने</u>:**(१) संविधान, ऐन तथा यस ऐन अर्न्तगत बनेको नियमावलीको अधिनमा रही बेदकोट नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ ।